महान्यायाधिवक्ताको कार्यालयले आ.व. २०७४/२०७५ का लागि सञ्चालित ई एटर्नी कार्यक्रम अन्तर्गत महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयमा कार्यरत राजपत्राकित कर्मचारीहरूको सूचना प्रविधिको प्रयोगमा दक्षता अभिवृद्धि गर्न र महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयमा सञ्चालनका लागि निर्माण भएको मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी र भौतिक श्रोत साधन सम्बन्धी विवरण राख्ने सफ्टवयेर सञ्चालन गर्ने दक्ष जनशक्ती तयार गर्न राजपत्राकित कर्मचारीहरूका लागि आयोजित सूचना प्रविधि सम्बन्धि दुई दिवसीय अभिमूखिकरण कार्यक्रम धुलिखेलमा २०७५ जेष्ठ २५ गतेदेखि २६ गते सम्म सम्पन्न भएको छ । उक्त कार्यक्रममा ३० जना राजपत्र अनंकित कर्मचारीहरूको सहभागीता रहेको थियो ।

## २) उद्देश्यः

कार्यक्रमको उद्देश्य निम्न प्रकार रहेको थियोः

- महान्यायाधिवक्ताको कार्यालयको ई एटर्नी कार्यक्रमको उद्देश्य अनुरूप सूचना प्रविधिको उपयोग गर्ने जनशक्ती निर्माण गर्ने रहेको थियो ।
- महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयमा प्रयोग गर्ने गरी निर्माण गरिएका सफ्टवेयर सञ्चालन गर्ने दक्ष जनशक्ति तयार गर्ने रहेको थियो ।

## ३) कार्यक्रमको विवरण

### ३.१) कार्यक्रमको संक्षिप्त विवरण

स्थानः धुलिखेल

सहभागी संख्याः ३०

**स्रोत व्यक्तीः**

श्री संजीवराज रेग्मी, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

श्री कुलप्रसाद पाण्डे, माननीय जिल्ला न्यायाधीश

श्री सविन श्रेष्ठ, सफ्टवयेर डेभलपर

श्री विकास भुसाल, सूचना प्रविधि विज्ञ

श्री सुनिल पराजुली, सूचना प्रविधि ईञ्जिनियर, महान्यायाधिवक्ताको कार्यालय

श्री सन्देश अवाल, कम्प्युटर सुपरभाईजर, महान्यायाधिवक्ताको कार्यालय

**तालिममा प्रयोग गरिएको विधीः**

सैद्धान्तिक, प्रयोगात्मक अभ्यास, छलफल र प्रस्तुती ।

**व्यवस्थापन टिमः**

उपन्यायाधिवक्ता श्री राजेश कुमार कटुवाल

शाखा अधिकृत श्री स्वतन्त्र न्यौपाने

कम्प्युटर अपरेटर श्री दिपेश श्रेष्ठ

**३.२) उदघाटन सत्र**
**पहिलो दिन (२०७५ जेष्ठ २५ गते)**
**तालिमको उदघाटन सत्र**

महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री खगराज पौडेलले महान्यायाधिवक्ताको कार्यालयले सूचना प्रविधिको अधिकतम प्रयोग गरेर सामाग्रीहरू डिजिटिलाईजेशन अभिलेख राख्ने काम गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, “यस कार्यालय र मातहत कार्यालयका लागि तयार गरिएका सफ्टवयेरहरूको प्रभावकारी कार्यान्वयन नभएकाले तालिम पश्चात सहभागीहरूले प्रभावकारी रूपमा सफ्टवयेरको प्रयोग गरेर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सहभागीहरूलाई तालिममा सिकेका सीपको कार्यरत कार्यालयमा प्रभावकारी रूपमा प्रयोग गरी नतिजामुखि परिणाम देखाउन अनुरोध गर्नुभयो ।

सूचना प्रविधि महाशाखाका प्रमुख श्री संजीवराज रेग्मीले सहभागीले सूचना प्रविधिको प्रयोगले कामलाई प्रभावकारी बनाउन सकिने भएकाले तालिमलाई अवसरको रूपमा प्रयोग गरी सिकेका कुराहरू कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले सूचना प्रवधिको अधिकतम प्रयोग गरेर कार्यालयको काम प्रभावकारी बनाउनुका साथै मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरमा मुद्दाको विवरण ईन्ट्री गर्ने काम प्रभावकारी रूपमा सहभागीहरूबाट हुनुपर्नेमा जोड दिनुभयो । शाखा अधिकृत श्री स्वतन्त्र न्यौपानेले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत मन्तब्य श्री संजीवराज रेग्मीले व्यक्त गर्नुभएको थियो ।

**समापन कार्यक्रम**

समापन कार्यक्रममा सहान्यायाधिवक्ता श्री संजिवराज रेग्मि ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

सहभागीको तर्फबाट मन्तब्य व्यक्त गर्दै शाखा अधिकृत श्री निशा कुसुम पौडेलले सूचना प्रविधिको प्रयोग सम्बन्धमा तालिमले सहभागीहरूको क्षमता अभिवृद्धिसँगै सफ्टवयेर कार्यान्वयनमा मद्दत पुग्ने उल्लेख गर्नुभयो । अर्का सहभागी शाखा अधिकृत श्री श्रीराम खनालले तालिममा सिकेको सीप कार्यस्थलमा कार्यान्वयन गर्ने बताउनुभयो ।

कार्यक्रममा सहान्यायाधिवक्ता श्री संजिवराज रेग्मि ज्यूले सूचना प्रविधि तालिममा प्राप्त गरेको ज्ञान र सीपलाई कार्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन मुद्दाको विवरणको डाटा ईन्ट्री प्रभावकारी रूपमा गर्नुपर्छ । उहाले कार्यालयसँग सम्बन्धित पत्राचार गर्दा कर्मचारीले अफिसियल ईमेलको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सूचना प्रविधिको अधिकतम प्रयोग गरी महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयमा सञ्चालन भइरहेका मुद्दा व्यवस्थापन प्रणाली लगायतका

सफ्टवयेरहरूको कार्यान्वयनमा तालिममा प्राप्त सूचना प्रविधि सम्बन्धी सीप र ज्ञानलाई कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिनुभयो । समापन कार्यक्रमको सञ्चालन शाखा अधिकृत श्री स्वतन्त्र न्यौपानेले गर्नुभएको थियो ।

**४) कार्यक्रमको नतिजा**

तालिम सञ्चालनबाट प्राप्त नतिजाहरू निम्नानुसार रहेका छन्:

- सहभागीको सूचना प्रविधिको प्रयोगबारे प्राप्त गरेको जानकारीले सूचना प्रविधिको क्षमता अभिवृद्धि गरेको छ ।
- मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरमा मुद्दाको डाटा ईन्ट्री गर्ने तरिका सम्बन्धमा सहभागीहरूमा अभिमुखिकरण भएको । तालिमको प्रयोगात्मक अभ्यासले सफ्टवयेर सञ्चालनमा सहभागीको क्षमता वृद्धि गरेको छ ।
- सहभागीलाई महान्यायाधिवक्ताको कार्यालयको लागि निर्मित भएका सफ्टवयेरको प्रयोगले कार्यालयको सेवा प्रभावकारी बनाउन सहयोग पुग्ने विषयमा सचेत र सफ्टवयेर प्रयोगमा उत्साहित बनाएको छ ।
- महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयमा ई एटर्नी कार्यक्रम अन्तर्गत सञ्चालन भइरहेका गतिविधिहरूको बारेमा सहभागीलाई जानकारी भएको छ ।